पोखरा उपत्यका साइडसिन घुम्न जाऔं

घुमाउने ठाउँहरू

बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।

गाडी छुट्ने समय बिहान ९:३० बजे



सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स

061-544439, 589012, 9856051659
9856034631, 9856082622



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क ७७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ चैत १८ गते सोमबार ❑ 31 March 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## मन्त्रालयको परिपत्रअनुसार काम नगर्ने व्यवसायीलाई कारवाही गर्न मन्त्रीको निर्देशन

**पोखरापत्र संवाददाता**
पोखरा, १७ चैत

गण्डकी प्रदेशका भौतिक पुर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री प्रकाशबहादुर केसीले मन्त्रालयको परिपत्रअनुसार काम नगर्ने व्यवसायीलाई कारवाही गर्न निर्देशन दिएका छन् ।

मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको वैठक तथा चालु आवको दोस्रो चौमासिक प्रगती समिक्षा कार्यक्रममा मन्त्रीले कामा नगर्ने निर्माण व्यवसायीलाई सम्पर्क गरी निर्माण कार्य सुरु गराउन पहल गर्न निर्देशन दिएका हुन् । चालु आर्थिक वर्षभन्दा अगाडि रोकिएका बहुवर्षिय नियमित योजनाहरु संचालन



गर्न बहानाबाजी, ढिलासुस्ती गरि निर्माण कार्य नगर्ने निर्माण व्यवसायीलाई सम्पर्क गरी निर्माण कार्य सुरु गराउने तर्फ पहल गर्न निर्देशन दिन्छु,' उनले भने । मन्त्री केसीले थपे, ' मन्त्रालयबाट गरिएको परिपत्र अनुसार काम अगाडी नबढाएमा निर्माण व्यवसायीलाई लिखित रुपमा कारवाहीका प्रकृया अगाडी बढाउन निर्देशन गर्दछु ।' चालु आवको वार्षिक विकास कार्यक्रममा समावेश योजनालाई समयमा सम्पन्न गर्न मन्त्रीले ताकेता गरे । कुनै योजनाको ठेक्का प्रक्रिया बाकीँ भए चैत्र मसान्तभित्र ठेक्का सम्झौता गर्न उनको निर्देशन छ । मन्त्री केसीले भने, 'हाल मन्त्रालयको भौतिक ४५% र वित्तिय ३१.१५% प्रगति भएको हुदाँ कर्मचारी साथीहरुलाई सक्रिय बनाई वार्षिक गोष्ठिमा आउदा कम्तिमा ८० % प्रगति हासिल हुने गरि कार्य गर्नुहुन निर्देशन गर्दछु ।' उनले चालु आवभन्दा अगाडीका एवं क्रमागत बहुबर्षीय योजनाहरुमा रकम विनियोजन न्यून भएको बताए ।

रकमान्तर भएका योजनाहरुमा तुरुन्त काम अगाडी बढाउन केसीले निर्देशन दिए । समस्याग्रस्त योजनाको सन्दर्भमा निर्माण व्यवसायीसंग छलफल गरि कार्य अगाडी वढाउने वा ठेक्का तोड्न सिफारिस गर्ने गरि कार्य व्यवस्था मिलाउनसमेत उनले निर्देशन दिए ।

## आदिवासी जनजाति आयोगको प्रतिवेदन गण्डकी प्रदेश प्रमुख समक्ष पेश

**पोखरापत्र संवाददाता**
पोखरा, १७ चैत

गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्टसमक्ष आदिवासी जनजाति आयोगले पाँचौ वार्षिक प्रतिवेदन प्रस्तुत गरेको छ ।

आइतबार प्रदेश प्रमुख समक्ष आयोगका सदस्य रीना राना नेतृत्वको आयोगको टोलीले आयोगको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन पेश गरेको हो । प्रतिवेदन बुझ्दै प्रदेश प्रमुख भट्टले जिम्मेवारी प्रभावकारी ढंगले सम्पादन गर्ने सन्दर्भमा आयोगलाई थप सफलताको शुभकाना व्यक्त गर्नुभयो । प्रदेश प्रमुख भट्टले आदिवासी जनजातिका हक अधिकार संरक्षण तथा सशक्तिकरण गर्न आवश्यक योजनाका साथ अगाडि बढ्न आयोगलाई सुझाव पनि दिनुभयो । आदिवासी जनजाति समुदायको भाषा, संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्ने सवालमा नेपालको संविधानले आयोगलाई महत्वपूर्ण जिम्मेवारी प्रदान गरेको उहाँको



भनाई छ ।

पेश भएको प्रतिवेदन मुख्यमन्त्री मार्फत् गण्डकी प्रदेश सभामा पठाइने बताउँदै भट्टले सदनमा सघन छलफल भई प्राप्त हुने निष्कर्षले भविष्यमा आयोगका काम कारवाहीहरु अझै सबल र सशक्त बनाउन योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो । आदिवासी जनजाति आयोगका सदस्य रानाले प्रतिवेदनको सारसंक्षेप प्रस्तुत गरेको प्रदेश प्रमुख कार्यालयले जनाएको छ ।

आयोगकी सदस्य रानाले आदिवासी जनजाति समुदायको इतिहास र संस्कृतिको पहिचान गर्दै उनीहरूको हकहित र अधिकारको संरक्षण, संवर्द्धन गर्न आयोग लागिपरेको बताउनुभयो ।

आयोगको प्रतिवेदनमा गत आर्थिक वर्षमा आयोगले आदिवासी जनजाति समुदायको विकास, पहिचान र हक अधिकारको संरक्षण तथा प्रथा परम्परालगायतका क्षेत्रमा गरिएका कामहरू समावेश छन् । आयोगले सम्पन्न गरेका कार्यक्रमको विषयलाई व्यवस्थित रूपमा १३ परिच्छेदमा विभाजन गरिएको आयोगले जनाएको छ । आयोगको टोलीमा आयोग सदस्य सूर्य बहादुर गुरूङ लगायत सहभागी थिए ।

## पोखरा-८ को वडा भवन शुभारम्भ

**पोखरापत्र संवाददाता**
पोखरा, १७ चैत

पोखरा महानगर प्रमुख धनराज आचार्यले पोखरा महानगरपालिकाको प्रशासकीय भवन बनाउने तयारी भइरहेको बताएका छन् । पोखरा न्यूरोडस्थित वडा नं ८ को नवनिर्मित सुविधासम्पन्न कार्यालय भवन शुभारम्भ गर्दै नगर प्रमुख आचार्यले यस्तो बताएका हुन् । प्रशासकीय भवन बनाउन करिब दुई अरब रुपैयाँ लाग्ने उनको भनाइ छ । यसका लागि स्रोतको खोजी भइरहेको र सरकारका अर्थमन्त्रीसँग पनि कुरा भइरहेको आचार्यले बताए ।

उनका अनुसार उच्च अदालत पोखराको अगाडि ४० रोपनी जग्गामा महानगरको प्रशासकीय भवन बनाउने तयारी छ । सुविधासम्पन्न कार्यालय भवन निर्माणले प्रशासनिक कार्यलाई चुस्त बनाउनुका साथै नागरिकलाई सहज, पारदर्शी र गुणस्तरीय सेवा दिन मद्दत गर्ने नगर प्रमुख आचार्यले विश्वास व्यक्त गरे । स्थानीय सरकारको प्रभावकारिता जनता माँझ अझै मजबुत बनाउने लक्ष्यसहित भवन निर्माण गरिएको उनले स्पष्ट पारे । आचार्यले




भने, 'कतिपयले वडालाई ठूला भवन किन चाहिन्छ भनेर प्रश्न गर्छन् तर ठूला भवनले नै जनताका सेवा प्रवाहमा सहजता ल्याउँछ ।' आचार्यका अनुसार अब पोखरामा वडा नं ६ र ९ को भवन बन्न बाँकी छ भने केही वडाका भवन निर्माणाधीन अवस्थामा छन् । महानगरमा थपिएका वडाहरुको विकासमा पनि विशेष ध्यान दिइएको आचार्यले उल्लेख गरे ।

उनले भने, 'विकासका हिसाबले १ देखि १७ सम्मका र अन्य वडा फरक प्रकृतिका छन्, सबै वडालाई एउटै प्रकृतिको बनाउन प्रयास गरिएको छ ।'

आचार्यले पोखराको न्यूर ोडलाई थप व्यवस्थित बनाउने प्रयास भइरहेको समेत जानकारी दिए। पोखराको फोहोर व्यवस्थापन सम्बन्धमा नयाँ वर्षदेखि नयाँ ढंगले नै अघि बढ्ने उनले स्पष्ट पारे । महानगरकी उपप्रमुख मञ्जुदेवी गुरुङले वडा कार्यालय नजिकको सरकार भएको बताइन् । उनले महानगरले वडालाई धेरै भन्दा धेरै अधिकार दिएको भन्दै वडाले नै नै ५० लाखसम्मको योजना अघि बढाउन पाउने अधिकार रहेको स्पष्ट पारिन् । महानगरपालिका वडावासी र वडा कार्यालयकै सल्लाह र सुझावका आधारमा अघि बढ्ने उनले बताइन् । पोखरा-८ का वडाध्यक्ष रूद्रनाथ बरालले वडा कार्यालय पोखराकै मुटु भएको बताए । उनले १५ आनाको जग्गामा महानगरको ४० र तत्कालीन जिल्ला विकास समितिको ६० प्रतिशत बजेटबाट वडाभवन निर्माण गरिएको बताए। वडा कार्यालय लिफ्टसहितको बनेको उनको भनाइ छ । नयाँ कार्यालय भवन सञ्चालनमा आएपछि नागरिक सेवा प्रवाह थप सहज भएको उनको भनाइ छ । वडाको समग्र विकासका लागि निरन्तर क्रियाशील रहने भन्दै उनले नयाँ भवनले नागरि कसँगको सम्बन्ध अझ बलियो बनाउने दावी गरे । स्थानीय सरकारको प्रभावकारी कामका लागि भौतिक संरचनाको विकास अपरिहार्य रहेको उनको भनाइ छ । यस भवनबाट वडावासीले सबै प्रकारका प्रशासनिक सेवा सहज रूपमा पाउने छन् । स्थानीय तहको सेवा प्रभावकारी बनाउन डिजिटल प्रणालीसमेत लागू गरिने बराले बताए । कार्यक्रममा पोखरा-७ का वडाध्यक्ष राममोहन आचार्य, पोखरा-९ का वडाध्यक्ष दीपेन्द्र मर्सानी, पोखरा-४ का वडाध्यक्ष देवकृष्ण पराजुली, जिल्ला समन्वय समिति कास्कीका समन्वय अधिकारी नवराज बराल, एमाले पोखरा-८ का अध्यक्ष दीपकराज घिमिरे, राप्रपा पोखरा ८ का अध्यक्ष का बाबुराम चालिसे, हातेमालो आमा समूहका अध्यक्ष अपीला बराललगायतले बोलेका थिए । वडाध्यक्ष रुद्रनाथ बरालको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत वडासदस्य पवित्रा पौडेल केसीले र सञ्चालन वडासचिव झंकनाथ पौडेलले गरेका थिए ।

## नेपाली समाज हिन्दू धर्म संस्कारमा अडिग छः पूर्वप्रधानमन्त्री देउवा

**रासस**
काठमाडौं, १७ चैत

नेपाली काग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले नेपाली समाज हिन्दू धर्म संस्कारमा अडिग रहेको बताउनुभएको छ ।

डडेल्धुरा र डोटीको सङ्गमस्थल गहनानधाममा आइतबार श्रीमद्भागवत महायज्ञको उद्घाटन गर्दै उहाँले हिन्दू परम्परालाई मान्ने नेपालीको संस्कृति रहेको बताउनुभयो । सभापति देउवाले पछिल्लो समयमा केही सांस्कृतिक विचलन आइरहेका उल्लेख गर्दै आफ्नो धर्म, संस्कारबारे सचेत रहन यस किसमका धार्मिक कार्यक्रम उपयोगी हुने धारणा राख्नुभयो । "हामी हिन्दू संस्कृति र परम्परामा अडिग छौं । हिन्दू धर्म मान्ने हाम्रो परम्परा हो । गाईलाई पूजा गर्ने, शुद्धताका लागि गाईको गोबर र गहुँत मन्दिर तथा घरमा प्रयोग गर्ने देश हो", उहाँले भन्नुभयो, "गौ हत्या


बाँकी अन्तिम पृष्ठमा ▶▶


## सामाजिक सञ्जालमार्फत गलत एवं भ्रामक समाचार सम्प्रेषण नगर्न प्रहरीको आग्रह

**रासस**
काठमाडौं, १७ चैत

जिल्ला प्रहरी परिसर काठमाडौँले सामाजिक सञ्जालमार्फत गलत एवं भ्रामक समाचार सम्प्रेषण नगर्न आग्रह गरेको छ ।

प्रहरी परिसरका प्रवक्ता एवं प्रहरी उपरीक्षक अपिलराज बोहराले आइतबार एक प्रेस विज्ञप्ति प्रकाशित गरी यही चैत १५ गते काठमाडौँको तीनकुने क्षेत्रमा आन्दोलनका क्रममा भएका घटनाबारे गलत एवं भ्रामक समाचार सम्प्रेषण नगर्न आग्रह गर्नुभयो ।

"शान्तिपूर्ण प्रदर्शनका लागि पूर्वअनुमति लिई नवराज सुवेदीको संयोजकत्व र दुर्गा प्रसाईंको अगुवाइमा भएको आन्दोलनका क्रममा विभिन्न स्थानमा हिंसात्मक तोडफोड, आगजनीलगायत तीनकुनेस्थित एक घरभित्र मानिस भएकै अवस्थामा आगजनी गरी निजको मृत्युसमेत हुनेगरी विभिन्न आपराधिक घटनाहरू घटाइएको छ। सो घटनाको गाम्भीर्यता तथा सत्यतथ्यसमेत नबुझी विभिन्न सामाजिक सञ्जालहरूमा भ्रामक एवं गलत सूचना प्रवाह भइरहेको सन्दर्भप्रति गम्भीर ध्यानाकर्षण भएको छ", विज्ञप्तिमा भनिएको छ,"उक्त घटनाका सम्बन्धमा वास्तविकता नबुझी विभिन्न सामाजिक सञ्जालमार्फत गलत एवं भ्रामक समाचार सम्प्रेषण गरी जनमानसमा नकारात्मक सन्देश प्रवाह गराउने व्यक्ति एवं संस्थालाई प्रचलित कानुनबमोजिम कानुनी दायरामा ल्याइने छ ।" उक्त घटनाका मृतकको पोष्टमार्टम नै प्रारम्भ नभएको अवस्थामा विभिन्न सामाजिक सञ्जालमा 'चैत १५ गते मारिएका पत्रकार सुरेश रजकको पोष्टमार्टम रिपोर्टमा उनको शरीरमा गोली भेटिएको छ !' लगायत शीर्षक राखी सामाजिक सञ्जालमार्फत गलत एवं भ्रामक समाचार सम्प्रेषण भएकामा प्रहरीले आपत्ति जनाएको छ ।

जनमानसमा नकारात्मक सन्देश प्रवाह गराउने व्यक्ति एवं संस्थालाई प्रचलित कानुनबमोजिम कानुनी दायरामा ल्याइनेसमेत प्रहरी स्पष्ट पारेको छ ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# भूमिहीनलाई जग्गाको मालिक बनाइने –अध्यक्ष गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, १७ चैत



राष्ट्रिय भूमि आयोग कास्कीका अध्यक्ष बैन वहादुर गुरुङले आयोगले भूमिहिन तथा अव्यवस्थित बसोवासीलाई लालपुर्जा वितरण गर्ने काम अगाडि बढाएको वताउनु भएको छ।

नमुनाटोल सुधार समिति पोखरा १७ द्धारा आयोजित अन्तरकृया कार्यक्रममा बोल्दै उहाँले नेपाली भएरपनि पुस्तौदेखि जग्गाको मालिक बन्न नसकेका भुमिहीन परिवारलाई जग्गाको मालिक बनाउने पहिलो प्राथमिकता रहको बताउनुभयो।

"आयोगले समाजका सुकुम्वासी, दलित, भूमिहीन तथा अव्यवस्थित वसोवासीलाई लालपुर्जा वितरण गरेर एक पटक भूमिको मालिक बनाउने छ" उहाँले भन्नुभयो,"कानूनी प्रकृया पुरा भएका दुई हजार भन्दा बढीलाई लालपुर्जा वितरण गर्ने तयारीमा आयोग जुटेको छ।"

विगतका आयोगले अव्यवस्थित वसोवासीलाई महत्व दिएर एकै व्यक्तिलाई ठूलो परिणामको जग्गाको निशा प्रदान गरेको बताउँदै उहाँले त्यस्ता जग्गाका सम्वन्धमा छानविन गरिने बताउनुभयो। प्रत्येक आयोगका अध्यक्षले हामी जस्ता अव्यवस्थित वस्तिमा आएर लालपुर्जा वितरण गर्ने आशा देखाएपनि अहिलेसम्म धेरैले जग्गाको मालिक नभई निधन भएको स्थानीयको गुनासोमा उहाँले प्रकृया मिलाएर जग्गाधनी पुर्जा वितरण गरिने प्रतिवद्धता व्यक्त गर्नूभयो। नेकपा एमाले जिल्ला कमिटी सदस्य एवम् वडा ईन्चार्ज सुभाष ढुङ्गानाले पोखरा १७ रहेका विभिन्न आठ वटा सुकुम्वासी वस्ति रहेको बताउँदै कास्की आयोगले यस्ता वस्तिबाट लालपुर्जा वितरणको प्रकृया शुरुवात गर्नुपर्ने माग गर्नुभयो। सञ्चारकर्मी हरिप्रसाद बास्तोलाले नेपालमा श्रमजिवी वर्ग भूमिहीन रहेको वताउँदै श्रम गरेर जिविकोपार्जन गर्ने परिवारको नाउमा घर जग्गा नहुदा डिलभिर र खोलाको छेउछाउको जोखिमयुक्त सार्वजनिक जग्गा पुस्तौदेखि वस्दै आएको वताउनुभयो। त्यस्ता वर्गलाई जग्गाको मालिक वनाएर उनीहरुलाई करको दायरामा ल्याउन सके राजश्वमा समेत बृद्धि हुने विश्वास उहाँको थियो।

इलाका प्रहरी कार्यालय छोरेपाटनका प्रमुख प्रहरी निरीक्षक सूर्यबहादुर थापामगरले समाजमा शान्ति सुरक्षा कायम गर्न प्रहरी र स्थानीय समुदायिकको सामुहिक प्रयासको खाँचो औल्याउनुभयो।

टोल सुधार समितिका अध्यक्ष पुण्यप्रसाद उप्रेतीको अध्यक्षतामा भएको कार्यक्रममा स्थानीय समाजसेवी दानबहादुर शाही, टोलका संस्थापक अध्यक्ष अमरसिंह ठकुरी,उपाध्यक्ष लोकवहादुर सेन ठकुरी, सुमना गुरुङ लगायतले भूमिहीनले समाजमा व्यहोर्दै आएका समस्याका वारेमा प्रकाश पार्नुभएको थियो।२०६३ साल मंसीर १३ गते उक्त सार्वजनिक जग्गामा ६२ घर परिवार वसोवास गर्दै आएका उनीहरुले विभिन्न क्षेत्रमा श्रम गरेर जिविकोपार्जन गर्दै आएका छन्।



मुक्तिनाथमा भक्तजनको घुइँचो : मुस्ताङको बारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा रहेको हिन्दु तथा बौद्ध धर्मालम्बीहरुको साझा धार्मिकस्थल मुक्तिनाथ मन्दिरमा पूजा अर्चनाका लागि आएका भक्तजनहरूको घुइँचो। तस्बिर : सुन्दरकुमार थकाली/रासस

# पोखरामा शुरु भएको यामाहाको मेघा एक्सचेञ्जमा नगद छुट

**पोखरापत्र संवाददाता**
पोखरा, १७ चैत




पोखरामा यामाहा व्राण्डका ग्राहकवर्ग लक्षित 'यामाहा मेघा एक्सचेन्ज' अफर शुरु भएको छ। यामाहाको पोखराका लागि आधिकारिक डिलर भि.ए.डब्लु ईन्टरप्राईजेज प्रा.लि.ले पोखरा-१० अमरसिंहचोकस्थित अमर सिंहचौरमा मेघा एक्सचेञ्ज शुरु गरेको हो।

यामाहा व्राण्डका बाईक तथा स्कुटरका ग्राहक वर्गहरुको चाहना र मागलाई मध्यनजर गरेर मेघा एक्सचेञ्ज अफर गरिएको भि.ए.डब्लु ईन्टरप्राईजेज प्रा.लि.का महाप्रबन्धक सरोज श्रेष्ठले जानकारी दिए। आईतबारदेखि शुरु भएको मेघा एक्सचेञ्ज अफर चैत २२ गतेसम्म जारी रहने उनले बताए। मेघा एक्सचेञ्जमा सम्पूर्ण पोखरेली ग्राहकले रोमाञ्चक डिल र छुटहरू प्राप्त गर्नसक्ने श्रेष्ठको भनाई छ। उनका अनुसार एक्सचेञ्ज अफरमा विशेष छुट अन्तर्गत नया बाईकमा नगद ६ हजार र पुराना बाइकको मूल्याङ्कनमा थप १० हजारसम्म अतिरिक्त मूल्याङ्कन ग्राहकहरुले प्राप्त गर्नेछन्। साथै, हेलमेट, लेग गार्ड, फुट म्याट, बाइक कभर र ब्याग जस्ता निःशुल्क सामानहरू पनि ग्राहकलाई प्रदान गरिने उनले जानकारी दिए।

मेघा एक्सचेञ्जमा ग्राहकहरूले आफ्नो पुरानो बाइक र स्कुटरलाई ब्रान्ड न्यू यामाहा दुई पाङ्ग्रे सवारी साधनसँग साट्न सक्ने उनले बताए। श्रेष्ठले भने,'मेघा एक्सचेञ्जले अब आफ्नो दुई पाङ्ग्रे सवारीको अपग्रेड गर्न पहिलेभन्दा झन् सजिलो र फाइदाजनक बनायो।' एक्सचेञ्ज अफर कार्यक्रम अन्तर्गत यामाहा एफजेड, यामाहा रे-जेड सिरिज, यामाहा एफजेड सिरिज, यामाहा एमटी, यामाहा आरवान फाइभ, यामाहा टिवाईएफ एईरोक्सलगायतका बाईक तथा स्कुटरमा विशेष अफर उपलब्ध हुने श्रेष्ठले बताए। उनले भने,'हाम्रो उद्देश्य ग्राहकहरूलाई उत्कृष्ट उत्पादन र सेवा प्रदान गर्नु हो। यामाहा मेगा एक्सचेन्ज कार्यक्रम ग्राहकहरूको लागि यामाहा बाइकमा अपग्रेड गर्ने उत्कृष्ट अवसर हो, जसले सजिलो र लाभदायक किनमेल अनुभव प्रदान गर्दछ।' एमएडब्लू राइड्स अन्तर्गतको यामाहा नेपाल एक अग्रणी दुई पाङ्ग्रे ब्रान्ड भएको कम्पनीले दाबी गरेको छ। जुन अत्याधुनिक प्रविधि, उत्कृष्ट प्रदर्शन तथा ग्राहक सन्तुष्टिप्रति प्रतिबद्धताको लागि परिचित मानिन्छ।

# स्वास्थ्यकर्मी संघ गण्डकी मेडिकल कलेजको अन्तरक्रिया

**बसन्त कार्की**
पोखरा, १७ चैत




नेपाल स्वास्थ्यकर्मी संघ गण्डकी मेडिकल कलेज इकाई समितिको आयेजनामा बर्तमान समय ा श्रमिकका चुनौति विषयक अन्तरकिया हालै सम्पन्न भयो।

माछापुच्छ्रे गाउँपालिका-६ अस्ताममा कार्यक्रम सम्पन्न भएको हो। नेपाल स्वास्थकर्मी संघ गण्डकी मेडीकल कलेज इकाई समितिका अध्यक्ष दिपक कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा बरिष्ठ हाडजोर्नी विशेषज्ञय प्राध्यापक डा.ईश्वर शर्मा कडेल, बरिष्ठ बाल रोग विशेषज्ञय सह-प्राध्यापक डा शंकर पौडेल र संगठन ब्यवस्थापन एंवम् परिचालन प्रमुख हरि बहादुर बस्नेतले श्रमिक का समस्या र चुनौतीका समसामयिक विषयमा बालेका थिए। अध्यक्ष कार्कीले श्रमीक का समस्या समाधान गर्न युनियन सधै तत्पर रहेको भन्दै संस्थाको प्रगती र विकासमा सधै इमान्दार एंवम् उतरदायी भएर कार्य क्षेत्रमा लाग्न अनुरोध गरे। कर्यक्रममा इकाईका कोषाध्यक्ष अमृत पौडेलले युनियनको वित्तिय विबरण बारे प्रकाश पारेका थिए। युनियनमा बिशेष योगदान गर्ने किशान परियार र सुर्य बहादुर कार्कीलाई सम्मान गरिएको थियो। कार्यकममा स्वास्थ्यकर्मी र चिकित्सकको व्यापक उपस्थिति थियो। यस्ता कार्यक्रमबाट ब्यवस्थापन र श्रमिक बिच सुमधुर सम्बन्ध स्थापित हुने कुरामा जोड दिदै इकाईका वरिष्ठ उपाध्यक्ष डा शंकर पौडल स्वागत र कार्यक्रम सञ्चालन इकाईका सचिब राजन पोखेलले गरेका थिए।

# एक-अर्काको ...

गर्न पाइँदैन। त्यसमा कडा कानुन छ। यसलाई अझै कडाइका साथ लागू गर्न हामी प्रतिबद्ध छौँ", उहाँले भन्नुभयो।

सभापति देउवाले सेती र साकल्य नदी मिसिएर हुने त्रिवेणीधाम गहनान यस क्षेत्रको ठूलो र महत्वपूर्ण मसान भएको स्मरण गर्नुभयो। "यो हाम्रो पुर्खाहरूको चिहान हो, उहाँहरूलाई यही जलाएको हो। यसका साथै हिमालबाट बगेको सेती नदीमा स्नान गरी पुण्य लाभ हुन्छ भन्ने मान्यता रहिआएको छ", उहाँले भन्नुभयो, "यो क्षेत्र विभिन्न ऋषिमुनिहरूले तपस्या गरेको पवित्र स्थान पनि हो। यहाँ हुने मेला र पूजाहरूमा धेरै पटक म पनि पुगेको छु।" सभापति देउवाले गहानान क्षेत्रमाथि डाँडामा रहेको उच्चकोट विद्यालयमै आफूले अध्ययन गरेको सम्झँदै उहाँले महाभारत पर्वतमा रहेको घण्टेश्वर मन्दिर पूर्व उत्तरका स्थानीयको पवित्रस्थलका रूपमा गहनान रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "घण्टेश्वर उताका स्थानीय महाकाली नदी किनारमा रहेको परशुरामधाम जाने गर्दथे। त्यसलाई फर्सनान भनिन्थ्यो। घण्टेश्वर यताका मान्छेहरू अन्तिम संस्कार, अस्तु सेलाउन र स्नान गर्न यस ठाउँमा आउने चलन पूर्खौंदेखि रहिआएको छ। यो महत्वपूर्ण क्षेत्रको संरक्षण र प्रचार आवश्यक छ।"

धार्मिक पर्यटन प्रवर्द्धन र गहनान क्षेत्रको विकास गर्ने उद्देश्यसहित गहनान क्षेत्र विकास समितिले महायज्ञको आयोजना गरेको हो। महायज्ञ २५ गतेसम्म सञ्चालन हुनेछ। गहनानधाम डडेल्धुराको नवदुर्गा गाउँपालिका-४, गन्यापधुरा गाउँपालिका-५ र डोटीको शिखर नगरपालिका-१० को सङ्गमस्थल बानेडुग्रिसैनमा अवस्थित छ। गन्यापधुरा गाउँपालिका अध्यक्ष इन्द्रबहादुर कार्कीले तीनवटै पालिकाको समन्वय र सहकार्यमा महायज्ञको आयोजना गरेको बताउनुभयो। शिखर नगरपालिका प्रमुख दीर्घबहादुर बलायरले गहनानसँगै यस क्षेत्रमा भौतिक पूर्वाधार विकासका काम अघि बढाउन पूर्वप्रधानमन्त्री देउवालाई ज्ञापनपत्रसमेत बुझाइएको बताउनुभयो। गहनान क्षेत्रमा आवश्यक पूर्वाधार, संस्कृत विद्यालय स्थापना, सेती र सकायल नदीको कटान रोक्न तटबन्ध, सेती नदीमा पुल, महाभारत पर्वत क्षेत्र भएर गन्यापधुराको रेल-शिखर-केआईसिंह गाउँपालिका जोड्ने सडक निर्माणलगायत माग राख्दै ज्ञापनपत्र बुझाइएको उहाँले जानकारी दिनुभयो।

# ईद पर्वका अवसरमा सोमबार सार्वजनिक बिदा

**रासस**
काठमाडौं, १७ चैत

सरकारले इस्लाम धर्मावलम्बीहरूको पर्व ईद (ईद उल फित्र) का अवसरमा सोमबार सार्वजनिक बिदा दिएको छ।

गृह मन्त्रालयका प्रवक्ता सहसचिव रामचन्द्र तिवारीले आइतबार एक सूचना जारी गरी यस्तो जानकारी दिनुभएको हो।

विसं २०८० माघ २९ को राजपत्रमा प्रकाशित सूचनाअनुसार उक्त पर्वको अवसरमा सार्वजनिक बिदा दिने निर्णय गरिएको सूचनामा उल्लेख छ।

# महिला टी ट्वान्टी विश्वकप एसिया छनोटका लागि २८ खेलाडी छानिए

**रासस**
काठमाडौं, १७ चैत

नेपाल क्रिकेट सङ्घ (क्यान) ले महिला टी ट्वान्टी विश्वकप क्रिकेट प्रतियोगिताअन्तर्गत एसिया छनोटका लागि आइतबार २८ खेलाडी प्रारम्भिक चरणमा छानेको छ।

आगामी मे महिनामा थाइल्यान्डमा आयोजना हुने एसिया छनोटका लागि क्यानले बन्द प्रशिक्षणमा राख्न ती खेलाडीको नाम सार्वजनिक गरेको हो। छनोट हुने खेलाडीहरूमा कप्तान इन्दु बर्मासहित रुविना क्षेत्री, विन्दु रावल, एलिसाकुमारी यादव, साना प्रवीण, राजमती ऐरी, हेलिसा गुरुङ, काजल श्रेष्ठ, सोमु विष्ट, सङ्गीता राई, एलिसा खडिया र रोमा थापा छन्।

त्यसैगरी, कविता कुँवर, ईश्वरी विष्ट, पूजा महतो, कविता जोशी, मनीषाकुमारी उपाध्याय, सबनम राई, सिमाना केसी, रचनाकुमारी चौधरी, सम्झनाकुमारी खड्का, रिया शर्मा, रुवी पोद्दार, सीता राना मगर, यशोदा विष्ट, अनु कडायत, मनीषा बोहरा र लक्ष्मी साउद छन्। आइसिसी महिला टी ट्वान्टी विश्वकप एसिया छनोटका लागि नेपाली महिला राष्ट्रिय क्रिकेट टोलीको बन्द प्रशिक्षण यही चैत १९ गतेदेखि सुरु हुने क्यानले जनाएको छ।

# चोरी भई अमेरिका पुगेका २१ वटा पुरातात्विक महत्वका वस्तु फिर्ता

**रासस**
काठमाडौं, १७ चैत

नेपालबाट विगतमा चोरी भएर अमेरिका पुऱ्याइएका २१ वटा पुरातात्विक महत्वका कलात्मक वस्तु नेपाल फिर्ता गरिएको छ। यीमध्ये तीनवटा पौवा चित्र (१५-१८औँ शताब्दी) काठमाडौँस्थित इटुम्बहालबाट विसं २०३७ मा हराएका थिए।

एउटा प्रस्तरबाट निर्मित स्थानक बुद्धको मूर्ति (नवौँ शताब्दी) बुङ्मतीको मच्छिन्द्रबहाल परिसरको चैत्यबाट हराएको थियो। साथै आर्ट इन्स्टिच्युट सिकागोबाट फिर्ता भएको पाटनको गुइत टोलको गुइत चैत्यको प्रस्तरको मुछलिन्द बुद्धको मूर्ति थान-१ (१२/१३ औँ शताब्दी) तथा अन्य १६ थान कलात्मक वस्तु (९-१९औँ शताब्दी) पनि नेपालका विभिन्न ठाउँबाट हराएर अमेरिका पुऱ्याइएको थियो। अमेरिकाका विभिन्न सङ्ग्रहालय, अक्सन हाउस तथा व्यक्तिगत सङ्ग्रहमा रहेका उक्त वस्तु संयुक्त राज्य अमेरिकाको न्यूयोर्कस्थित घरबास सुरक्षा अनुसन्धान विभाग न्यूयोर्क एवं म्यानहटन जिल्ला न्यायधिवक्ताको कार्यालय न्यूयोर्कको सहयोगमा ती सामग्री प्राप्त भएको विभागका महानिर्देशक सौभाग्य प्रधानाङ्गले जानकारी दिनुभयो। ती सामग्री संयुक्त राज्य अमेरिकाको न्यूयोर्कस्थित नेपालीवाणिज्यदूतावासकाकार्यवाहक महाबाणिज्यदूत चक्रकुमार सुवेदीलाई फागुन १६ गते हस्तान्तरण गरिएको थियो। यी कलात्मक वस्तुको उत्पत्तिस्थल नेपाल भएको भनी यस विभागबाट प्रमाणित गरेपछि अन्तरराष्ट्रिय कानुनअनुसार नेपाल फिर्ता भएको पनि उहाँले बताउनुभयो। पुरातात्विक महत्वका कलात्मक वस्तु फिर्ता गराउन नेपाल सम्पदा पुनःस्थापना अभियान, आर्ट इन्स्टिच्युट अफ सिकागो, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, परराष्ट्र मन्त्रालय र अर्थमन्त्रालय, प्रहरी प्रधान कार्यालय (इन्टरपोल शाखा) नक्साल, नेपालस्थित अमेरिकन राजदूतावास, लस्ट्स् आर्ट्स् अफ नेपाल, केशचन्द्र महाविहार संरक्षण समाज, इटुम्बहालले पनि सहयोग गरेको विभागले जनाएको छ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै यतो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ। – गौतम बुद्ध

## सम्पादकीय

# राजावादीले मच्चाएको वितण्डा

नेपालमा राजसंस्था पुनःस्थापना गर्ने अभियानमा लागेका राजावादीले शुक्रबार राजधानीमा उत्पात बितण्डा मच्चाएका छन्। शान्तिपूर्ण तरिकाबाट आफ्ना दृष्टिकोण प्रस्तुत गर्नुको सट्टा तोडफोड, आगजनी र लुटपाट मच्चाएका छन। नयाँ पुस्तालाई राजतन्त्र कस्तो हुन्छ भन्ने उनीहरूको उन्माद र अराजकताले देखाउँछ। राजतन्त्रले आफ्नो पहिचान र चरित्र के हो भन्ने प्रमाणित गरेका छन्। पूर्वराजा ज्ञानेन्द्र शाहकै योजना र आशीर्वादमा उक्साइएको यो उद्दण्ड जत्थाले व्यक्तिगत तथा सार्वजनिक सम्पत्तिमा आगजनी मात्रै गरेको छैन, औषधि कारखाना र सञ्चारगृहमा सुनियोजित आक्रमण गरेको छ। निजी घर र व्यापारिक केन्द्रमा पसेर लुटपाट पनि मच्चाएको छ।

राजालाई गद्दीमा फर्काउने मूलमन्त्र बोकेको समूह मूलतः अराजनीतिक, अमानवीय र असंवेदनशील मनोविज्ञानबाट निर्देशित देखिएको छ। यसले ज्ञानेन्द्र शाहलाई गद्दीमा फर्काउने होइन बरु नागरिकका रूपमा उनको बचेखुचेको साख र सम्मानलाई पनि धूलिसात् बनाउने बाटो लिएको छ। २०६२/६३ को जनआन्दोलनमा लाखौं लाख जनता सडकमा आएका हुन्। त्यो आन्दोलन राजनीतिक रूपमा प्रतिबद्ध र नैतिक रूपमा निष्ठावान् भएकाले सभ्य, संयमित र परिणाममुखी भएको हो। तत्कालीन राजा ज्ञानेन्द्र र उनका कमान्डरहरूले हेलिकोप्टरबाट देखेको जस्तो जनसागर कुनै कारणले अनियन्त्रित भएको भए परिणाम केसम्म हुन सक्थ्यो ? ज्ञानेन्द्र शाह र उनका कमान्डरले अहिलेसम्म नसोच्नु विडम्बना हो।

राजावादीको प्रदर्शनको 'कभरेज' गर्न फिल्डमा खटिएका व्यावसायिक पत्रकारसहित दुई जना यो आततायी विध्वंसका सिकार बने। 'सन्चो' लगायतका औषधि बनाउने जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडमा आगो लगाएर ध्वंस गरियो। अत्यन्तै प्रज्वलनशील इन्धनको डिपो र दर्जनौं जहाज रहेको अन्तर्राष्ट्रिय विमानस्थलभित्र आगो फ्याँकियो। कान्तिपुर टीभीको कार्यालयमा योजनाबद्ध आक्रमण गरियो भने अन्नपूर्ण पोस्टको कार्यालयमा तोडफोड गरी आगोसमेत सल्काइयो।अनलाइन खबरका पत्रकारलाई घाइते बनाइयो। राष्ट्रिय झन्डा काँधमा भिरेका व्यक्तिको जत्थाले भाटभटेनी सुपरमार्केटमा लुटपाट गऱ्यो। एकीकृत समाजवादीको पार्टी कार्यालयमा तोडफोड तथा आगजनी भयो। निजी तथा सार्वजनिक कार्यालय, गाडी र सम्पत्ति बेहिसाब जलाइयो, आगो निभाउन गएको दमकललाई तोडफोड गरेर कर्मचारीलाई कुटियो। राजा फर्काउन सडक प्रदर्शनका ठेकेदार बनाइएका दुर्गा प्रसाईंले प्रहरीलाई सामूहिक रूपमा कुल्चने उत्तेजनासहित गाडी सडकमा दौडाए। यस हदसम्मको वितण्डा मच्चाउने सोच र शक्ति कहाँबाट प्राप्त भयो ? राजावादी अभियानले नै प्रसाईंलाई आधिकारिक कमान्डर नियुक्त मात्र गरेको छैन, एक दिनअघि मात्र प्रसाईंले निर्मल निवासमा पूर्वराजा ज्ञानेन्द्रसँगै बसेर योजना बनाएका थिए। फिल्डमा खटेका प्रसाईं त फरार भएका छन् तर उनका पथप्रदर्शक ज्ञानेन्द्र शाहको योजनाबद्ध तरिकाबाट भएको छ।

खासमा दुर्गा प्रसाईं ज्ञानेन्द्र शाह जस्तो देखिने र ज्ञानेन्द्र शाह दुर्गा प्रसाईं जस्तो देखिने यो अनौठो दृश्य देशका लागि घातक मिश्रण हो। नवराज सुवेदी जस्ता 'पुरातात्विक' र रवीन्द्र मिश्र जस्ता 'नयाँ भेरिएन्ट' का राजावादीहरूले आफ्नो अतृप्त आकांक्षाका लागि समाजको तरल मनोविज्ञानमा दाउ हानिरहेका छन। पूर्वराजा ज्ञानेन्द्र नेपाली जनताको मतबाट निर्वाचित भएर होइन, दुर्गा प्रसाईंजस्ता फौजदारी अपराधमा तारिख धाइरहेका विवादास्पद व्यक्तिको काँध चढेर शासनमा फर्किन चाहन्छन्। उतिबेला ज्ञानेन्द्र मिडिया हाउसमा सेना पठाएका थिए। अहिले अराजक जत्थालाई अगुल्टो दिएर सञ्चारगृह, विमानस्थल र औषधि कारखानामा पठाउन थालेका छन्। यसले आज एक जिम्मेवार नागरिकको रूपमा पनि उनी काम, कर्तव्य र जवाफदेहिताबाट विमुख भएको प्रस्ट हुन्छ। प्रदर्शनका नाममा सार्वजनिक, सरकारी तथा निजी सम्पत्तिमा आगो लगाउने को को हुन् ? तिनलाई उत्तेजित बनाउन अँध्यारो कुनामा को को सक्रिय छन् भन्ने विषयमा राज्यले सघन अनुसन्धान गरी जवाफदेही बनाउन जरुरी छ।



## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : अप्रत्यसित लाभ |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शुभ यात्रा | धनु | : आर्थिक समस्या |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : शारीरिक झमेला |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : मानसिक तनाब |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# ढोरपाटनमा सुरु भयो सिकार याम

**पोखरापत्र संवाददाता**
बागलुङ, १७ चैत

नेपालको एकमात्र सिकार आरक्ष ढोरपाटनमा यस वर्षको दोस्रो सिकार याम सुरु भएको छ। दोस्रो याममा १३ नाउर, १० झारल र १२ बँदेल गरी ३५ वन्यजन्तुको सिकार हुने भएको हो। वन्यजन्तु तथा राष्ट्रिय निकुञ्ज विभागले गत माघ १५ गते सिकार गर्नका लागि बोलपत्र आह्वान गरेको थियो।

दोस्रो याममा सिकार खेल्न हिमालयन वाइल्डलाइफ आउटफिर्टस प्रालि, ट्र्याक्स एण्ड ट्रेल्स प्रालि, हिमालयन सफारिज प्रालि, ग्लोबल सफारिज नेपाल, नेपाल ट्राभल एक्सपिडिसन र ओपन नेपाल वाइल्डलाइफ सफारिज गरी छवटा कम्पनीले अनुमति पाएका छन्। वन्यजन्तु तथा राष्ट्रिय निकुञ्ज विभागबाट अनुमति पाएका सिकारी ढोरपाटन सिकार आरक्षको विभिन्न ब्लकमा सिकार खेल्न आउन थालेका छन्। यही चैत २६ देखि सिकारी ढोरपाटन आउन थालेका ढोरपाटन सिकार आरक्ष कार्यालयका रेन्जर सागर सुवेदीले जानकारी दिनुभयो। दोस्रो याम (फागुन-वैशाख) का लागि आगामी वैशाख १६ गतेसम्म सिकारीले सिकार खेल्न पाउने छन्। अहिलेसम्म दुई नाउर मात्र सिकार भएको उहाँले बताउनुभयो। रेन्जर सुवेदीका अनुसार हिमालयन वाइल्डलाइफ आउटफिर्टसले सिकारीमार्फत दुई नाउर र दुई बँदेल सिकार गर्न अनुमतिपत्र पाएको छ। यो कम्पनीले एउटा नाउर सिकार गरिसकेको रेन्जर सुवेदीले जानकारी दिनुभयो। उक्त नाउरको सिकार सुनदह ब्लकमा स्पेनका ७० वर्षीय मार्कोस ओलाइजोला अल्कोर्टाले गर्नुभएको हो।

त्यसैगरी, ट्र्याक्स एण्ड ट्रेल्स प्रालिमार्फत अमेरिकी सिकारीले दुई नाउर, दुई झारल र दुई बँदेल सिकार गर्ने अनुमति पाएका थिए। रेन्जर सुवेदीका अनुसार हिमालयन सफारिज प्रालिमार्फत तीन सिकारीले तीन नाउर र एक झारलका लागि अनमति पाएका छन्। ग्लोबल सफारिज नेपाल प्रालिमार्फत दुई सिकारीले दुई नाउर, एक झारल र दुई बँदेलको सिकार गर्ने अनुमति पाएका छन्। उक्त कम्पनीले हालसम्म एउटा नाउर फागुने ब्लकमा सिकार गरेको उहाँले जानकारी दिनुभयो।

नेपाल ट्राभल एक्सपिडिसन प्रालिमार्फत तीन सिकारीले तीन नाउर, तीन झारल र तीन बँदेल सिकार गर्ने अनुमति पाएका छन्। यो कम्पनीबाट आएका सिकारीले हतियारमा समस्या आएपछि सिकार नगरी फर्किएको रेन्जर सुवेदी बताउनुहुन्छ। ओपन नेपाल वाइल्डलाइफ सफारी एण्ड ट्रेक्स प्रालिमार्फत तीन सिकारीले एक नाउर, दुई झारल र तीन बँदेलको सिकार गर्न अनुमति पाएका छन्। यो सिकार याममा अमेरिका, अर्जेन्टिना, स्पेन र फ्रान्सबाट सिकारी आएको रेन्जर सुवेदीले जानकारी दिनुभयो। उहाँका अनुसार एउटा झारलको रु आठ लाख, नाउराको रु ६ लाख २५ हजार पाँच सय तोकिएको छ।

यसपालि सुनदह, सेङ, भुस्तुङ, दोगाडी, फागुने, बार्से ब्लकमा सिकार भइरहेको ढोरपाटन सिकार आरक्षका प्रमुख संरक्षण अधिकृत चन्द्रशेखर चौधरीले जानकारी दिनुभयो। दोस्रो याममा रु एक करोड २६ लाख राजस्व सङ्कलन भएको उहाँले बताउनुभयो। सिकारीले मारेको वन्यजन्तु लैजान पनि राजस्व तिर्नुपर्ने प्रावधान छ। ढोरपाटनमा हरेक वर्ष दुई याममा सिकार खुला हुन्छ। पहिलो (असोज-मङ्सिर) र दोस्रो (फागुन-वैशाख) मा सिकार खुला हुन्छ।

# कुवेरधामलाई पर्यटकीय गन्तव्य बनाइँदै

**पोखरापत्र संवाददाता**
बागलुङ, १७ चैत

बागलुङ नगरपालिका-५ मालिका पञ्चासेमा रहेको कुवेरधामलाई धार्मिक पर्यटकीय गन्तव्य बनाउन पूर्वाधार निर्माणमा जोड दिइएको छ।

कुवेरले साधना गरेको र धनकुवेर नामकरण गरी धन संरक्षणको जिम्मा लगाइएको पञ्चासेमा अहिले धमाधम पूर्वाधार निर्माण भइरहेको छ। पौराणिक तथा धार्मिक महत्व बोकेर पनि ओझेल परेको कुवेरधामलाई हिमालयन बाबाको अगुवाइमा पूर्वाधार निर्माण, प्रचारप्रसारलगायतका काम अघि बढाइएको हो। जगत्गुरु रामानुजाचार्य त्रिडण्डी स्वामी श्री हिमालयन बाबाका अनुसार, कुवेरले साधना गरेको मालिका मन्दिर क्षेत्र र कुवेरलाई धनकुवेरको नामकरण गरी धनको संरक्षणस्थलका रूपमा रहेको पञ्चासेमा कुवेरको ५४ फिट अग्लो मूर्तिसहित अन्य पूर्वाधार निर्माण गर्न योजना बनाइएको छ। धार्मिक हिसाबले अत्यन्तै महत्व बोकेको कुवेरधाममा ५४ फिट अग्लो कुवेरको मूर्ति निर्माण गर्ने लक्ष्यका साथ बागलुङ नगरपालिकाको सहयोगमा डिपिआर (विस्तृत आयोजना प्रतिवेदन) समेत निर्माण गरिएको छ।

गण्डकी प्रदेश सरकारको पर्यटन मन्त्रालयको रु १० लाखबाट कुवेरधाममा मन्दिरलगायत संरचना बनाउन थालिएको र कुवेरको मूर्ति, सिसमहल, जनकल्याण भवनलगायत धार्मिक संचना बनाउनका लागि रु नौ करोड ६४ लाखको गुरुयोजना तयार पारिएको हो। बागलुङ नगरपालिकाले रु तीन लाख खर्चेर पूर्वाधार निर्माणका लागि आवश्यक गुरुयोजना तयार पारेर हस्तान्तरण गरेको उपप्रमुख राजु खड्काले जानकारी दिनुभयो।

म्याग्दीको बेनी नगरपालिका-५ स्थित पौलस्य पुलहआश्रममा जन्मेर बागलुङको मालिकामा साधन गर्नुभएको स्थानमा कुवेर शिला, मन्दिरलगायत स्थल थिए। धार्मिक ग्रन्धमा कुवेरले साधना गरेको स्थान तथा धनकुवेर नामकरण गरेको पञ्चासे रहेको र त्यो कुरा त्यहाँ भएको मन्दिर तथा पौराणिक वस्तुले प्रमाणित गर्ने हिमालयन बाबाको भनाइ छ। पञ्चासेमा प्राचीन कुवेरधाम शिला र मन्दिर थियो। उक्त मन्दिरको अहिले जीर्णोद्धार भइरहेको छ। पाँच रोपनीमा कुवेरधामको संरचना बनाएर धार्मिक पर्यटक भित्र्याउने लक्ष्य लिइएको र बागलुङ नगरपालिकाले गुरुयोजना बनाउन सघाएको उपप्रमुख खड्काले बताउनुभयो। तीन वर्षयता कुवेरधाममा धार्मिक संरचना निर्माणले तीव्रता पाएको छ। उपप्रमुख खड्काका अनुसार दाताको सहयोगमा विभिन्न संरचना निर्माण गरिएका छन्। कुवेरधामसम्म पुग्ने सडक स्तरोन्नति, कुटी निर्माण, आश्रयस्थल, शौचालय, पदमार्गलगायत संरचना पनि बनिरहेका छन्।

# मदरल्याण्डमा १२ कक्षाका विद्यार्थीलाई बिदाई

**पोखरापत्र संवाददाता**
पोखरा, १७ चैत




पोखरा ७ मासबार स्थित मदरल्याण्ड माविले १२ कक्षाका विद्यार्थीलाई हालै बिदाई गरेको छ। १२ कक्षाको अन्तिम परीक्षाको तयारीमा रहेका विद्यार्थीका लागि बिदाइ गरिएको हो।

विद्यालयका प्राचार्य डा नारायण बरालले मदरल्याण्डमा कम्तीमा २ वर्षको अवधि बितेको र सो समयले विद्यार्थीको भविश्यमा अगाडि बढ्न सजिलो हुने भने। अबको परीक्षाले विद्यार्थीको जीवनको बाटो कोर्ने प्राचार्य बरालले भने। विद्यार्थीको भविश्य उज्ज्वल बनाउन विद्यालयले कक्षाकोठामा मात्र पठनपाठन सीमित नराखी ज्ञानको दायरा फराकिलो बनाउँदै बाहिरी ज्ञान दिलाएको पनि प्राचार्य बरालले बताए। देशका लागि असल र अब्बल नागरिक तयार हुने गरी मेहनत गरेमा सफल भइनेमा बरालको जोड थियो। विदाइ कार्यक्रमको उद्घाटन विद्यालयका प्लस टु इन्चार्ज नारायण आचार्यले गरेका थिए।

विद्यालयका एकेडेमीक डिन प्रेमनारायण पोखरेलले जो कोहीले पनि संघर्ष गर्न सक्ने हो भने जीवन उज्ज्वल हुने बताए। एकाध गल्ती र कमजोरी हुँदैमा जीवनसँग हार खानु हुँदैन पोखेलले भने। विद्यालयका निर्देशक डा त्रिभुवन शर्माले केही वर्ष अघिसम्म विद्यालयको अध्ययन पूरा भएपछि विद्यार्थी र विद्यालयबीच सम्बन्ध पनि सकिने गरेकोमा अहिले भने सञ्चार सुविधाका कारण सम्बन्ध रहिरहने बताए। अबको ४ महिना पर्याप्त मेहनत गर्ने हो भने जीवन राम्रो बन्ने निर्देशक शर्माले भने। विद्यालयले गरेको बिदाइ कार्यक्रममा कक्षा ११ का विद्यार्थीले विभिन्न सांगीतिक कार्यक्रम पनि पस्केका थिए।

# बालबालिकाको भविष्यको पहिलो पाइला मन्टेश्वर- पूर्व मुख्यमन्त्री अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, १७ चैत




गण्डकी प्रदेशका निवर्तमान मुख्यमन्त्री खगराज अधिकारीले गणतन्त्रका सुन्दर कोपिला बालबालिकाको भविष्यको पहिलो पाईला मन्टेश्वरी भएको बताउनु भएको छ।

हेभेनली गार्डेन मन्टेश्वरी पोखरा १७ को १२ औं बार्षिकोत्सव एवम् दिक्षान्त समारोहको आज उद्घाटन गर्दै उहाँले सुन्दर भविष्यका कोपीला बालबालिकाको मनो भावनालाई बुझेर पठनपाठनसंगै अतिरिक्त कृयाकपालमा जोडदिनु पर्ने बताउनुभयो। नेकपा एमाले स्थायी समिति सदस्य समेत रहनु भएका अधिकारीले लुटपाट गरेर होईन सकारात्मक सोचका साथ राष्ट्रियताको भावना जागृत गराउदै मुलुकको सुयोग्य नागरिक उत्पादन गर्नुपर्ने आवश्यकता औल्याउनुभयो। पोखरा महानगरपालिका वडा नं. १७ का वडाअध्यक्ष राधिका शाही योगीले मन्टेश्वरमा बालबालिकाले पारिवारीक वातावरणमा प्रतिभा प्रस्फुट गर्न महत्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। सो समारोहमा आठ जना विद्यार्थी दिक्षित हुनु भएको थियो। मन्टेश्वरमा कूल ७६ जना विद्यार्थी र १३ जना शिक्षक शिक्षिका अध्ययन अध्ययपनरत रहेको सञ्चालक रिता सुवेदीले जानकारी दिनुभयो।

कार्यक्रममा छोरेपाटन माविका वद्री पहारी, फेवा टेलिभिजनकी रोजि श्रेष्ठ, अभिभावक पुष्पाञ्जली भण्डारी लगायतले मन्टेश्वरीमा बालबालिकाले पारिवारिक वातावरण प्राप्त गरेकोमा चर्चा गर्नुभयो।

# पोखरा १० उपशाखाको बिपत ब्यबस्थापन तथा सदस्य शिक्षा कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, १६ चैत



नेपाल रेडक्रस सोसाइटी पोखरा -१० उपशाखाको १ दिने बिपत ब्यबस्थापन तालिम तथा आजिबन सदस्य शिक्षा कार्यक्रम उपशाखाको सभाहलमा सम्पन्न गऱ्यो।

उक्त कार्यक्रम पोखरा महानगर पालीका वडा नं १० का वडा सदस्य परमेश्वर बहादुर कार्कीको प्रमुख अतिथी मा हेनरी ड्यूनाको तस्विरमा माल्यार्पण गरी कार्यक्रमको उद्घाटन गर्नुहुदै मानवीय सेवामा समर्पित हुने उपशाखा १० जहा जहा बिपत त्यहाँ त्याहाँ रेडक्रस भन्ने अभिप्रायले संचालित उप शाखाले पूर्व समयमा घर-घरको चुलोचौकाबाट हुनसक्ने आगलागी बदिपैरोबाट हुनसक्ने क्षति न्यून, महाभुकम्प जस्ता कार्यमा आफ्नो दक्षता देखाइ उपशाखाको पहिचान बनाइ सकेको अबस्थामा टोल टोलमा फोहर ब्यबस्थापन गर्दै सामान्ने सामान्ने कुरामा मानब सचेत रहनुपर्ने बाताबरण बनाई सिङ्गो वडाको काम गर्दै आइरहेको अबस्थामा आज रेडक्रस के हो र रेडक्रसले अन्य के के कार्य गर्छ र रेडक्रसको आजिबन सदस्य प्राप्त गरेपछि आजिबन सदस्य को भुमिका को बिषयमा कार्यक्रम गरि आफ्ना सदस्यहरूलाई जागरण गराउने कार्यक्रमको आयोजना गरेकोमा बधाईका साथ सफल उपशाखा बन्न सक्ने शुभकामना दिनुभयो। उक्त १ दिने बिपत ब्यबस्थापन तथा आजिबन सदस्य सचेतना कार्यक्रममा उपशाखा १० का समस्त आजीवन सदस्यहरूलगायत संघ सस्थाका प्रतिनिधीहरूको सहभागीतामा संचालित कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा कास्कीका कार्य बाहक सभापती धर्मराज अधिकारी, नेपाल रेडक्रस सोसाइटी कास्की शाखाका कार्य बाहाक मन्त्री एवं उपशाखा १० का समन्वय कर्ता रमा न्यौपाने कोइराला लगायत का ब्यक्तिहरूले आ-आफ्नो बिचार राख्नुहुदै उपशाखा १० द्वारा आयोजित कार्यक्रम रेडक्रसका महत्वपूर्ण कार्य रहेको बताउनु भएको कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा कास्कीका बरिष्ठ प्रशासन सहायक एवं मुख्य प्रशिक्षक नवराज भण्डारीले बुझ्ने भाषामा प्रशिक्षण दिनुहुदै हरेक किर्यमा अग्रणी भुमिकामा रहेको यस उपशाखाले आफ्ना सदस्यमुखी कार्यक्रमले रेडक्रसको सिद्धान्त यसले गर्ने कार्य का साथ रेडक्रस कसरी र कहाबाट सुरू भएको र स्थापना तथा रेडक्रसको जन्म दाता को थिए कस्तो अबस्थामा केका लागी स्थापना गरीएको बिषयमा बुझ्ने तरिकाबाट प्रशिक्षण दिनु भएको उक्त कार्यक्रममा संबबत उपशाखा १० ले रेडक्रसको भाबना र सिद्धान्त अनुरूप काम गरेको बताउनुभयो। उक्त कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी पोखरा १० का सदस्य निर्मला श्रेष्ठले रेडक्रसका सात सिद्धान्त बाचन गर्नुभएको कार्यक्रमा उपशाखाका उपसभापति पबित्रा देबी गुरुङ्गले स्वागतद्वारा सबैलाई स्वागत गर्नुभएको १ दिने बिपत ब्यवस्थापन तथा सदस्य सचेतना कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी पोखरा १० उपशाखाका सभापति जीवन श्रेष्ठको सभापतित्वमा सम्पन्न कार्यक्रममा उपशाखाका सचिव बिन प्रसाद गुरुङ्गले कार्यक्रम संचालन गर्नु भएको थियो।

# मुस्ताङको कागबेनीमा तीर्थालुको घुइँचो

सुन्दरकुमार थकाली
मुस्ताङ, १७ चैत/रासस



जिल्लाको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-४ कागबेनीधाममा धार्मिक तीर्थालुको घुइँचो बढेको छ । चैतदसैँ कृष्ण औँसीको तिथिका दिन आज मुस्ताङको पवित्र धार्मिकस्थल कागबेनी क्षेत्रमा श्रद्धालु भक्तजनको घुइँचो बढेको हो ।

मुस्ताङको पवित्र धार्मिक सङ्गमस्थल कागबेनीमा जीवनको एकपटक दिवङ्गत पितृको नाममा पूजाअर्चना, श्राद्ध, पीण्डदान र तर्पणसहित त्रिवेणी नदीमा स्नान गर्नाले धार्मिक मोक्ष प्राप्ति हुने जनविश्वास रहिआएको छ । यही कारण बर्सेनि वडादसैँ औँसी र चैतेदसैँ औँसी तिथिमा कागबेनीधाममा श्राद्ध गर्ने धार्मिक तीर्थालुको घुइँचो लाग्ने गर्दछ ।

यसवर्षको चैतेदसैँ अघिको कृष्ण औँसी तिथि आज जरेकाले मुस्ताङमा हजारौँ श्रद्धालु भक्तजनले आफ्ना दिवङ्गत पितृ सम्झदै पूजाअर्चना गरी श्राद्ध गर्न कालिगण्डकी दोभानमा स्नान गरेर पितृको नाममा पीण्डदान र तर्पण दिएका छन् । जिल्ला प्रहरी कार्यालयले चैतेदसैँ औँसीलाई लक्षित गरी पछिल्लो २४ घण्टामा १२ हजार ४१२ जना धार्मिक तीर्थालु मुस्ताङ भित्रिएका जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख एवं प्रहरी नायब उपरीक्षक सूर्यबहादुर बोगटीले पछिल्लो २४ घण्टामा तीर्थालु सवार एक हजार ५८० सवारीसाधन म्याग्दी हुँदै मुस्ताङ भित्रिएका जानकारी दिनुभयो । आज बिहानैदेखि सुरु भएको कागबेनी क्षेत्रमा तीर्थालुहरूको श्राद्ध गर्ने कार्यक्रम सहज र शान्तिपूर्ण रूपमा सम्पन्न भएको उहाँले उल्लेख गर्नुभयो ।

यसअघि मुस्ताङको कागबेनीमा श्राद्ध गर्न आउने तीर्थालु सवार सवारीसाधनको घुइँचोले मुस्ताङको जोमसोम, मार्फा, कागबेनी र मुक्तिनाथ क्षेत्रमा ट्राफिक व्यवस्थापन गर्न समस्या परेको थियो । जिल्ला प्रहरीको निर्देशनमा जोमसोम, कागबेनी र मुक्तिनाथ क्षेत्रमा नेपाल प्रहरी, सशस्त्र प्रहरी र जिल्ला ट्राफिक कार्यालयको टोलीले ट्राफिक व्यवस्थापन सहज गराएको थियो । प्रहरी नायब उपरीक्षक बोगटीले यहाँ आएका दर्शनार्थीहरूले सकुशलपूर्वक दिवङ्गत पितृको नाममा श्राद्ध गरी मुक्तिनाथ मन्दिरको दर्शन गरी फर्किंदै गरेका जानकारी दिनुभयो । “जिल्ला शुक्रबार दिउँसैदेखि तीर्थालुले भरिएको थियो, श्राद्ध गर्न आउने कसैलाई पनि लेक लाग्ने समस्या भएन”, उहाँले भन्नुभयो, “सुरक्षा निकाय सर्तक थियो भने सहायता कक्ष स्थापना गरिएको थियो । यहाँ अहिलेसम्म कसैलाई पनि स्थास्थ्य समस्या देखिएको छैन ।” मुस्ताङको लोघेकर दामोदरकुण्ड गाउँपालिकास्थित दामोदकुण्ड धार्मिकस्थलबाट बग्ने कालिगण्डकी नदी र प्रसिद्ध धार्मिकस्थल मुक्तिनाथधामको १०८ धाराबाट बग्ने गण्डकी नदीको सङ्गमस्थल कागबेनीधाममा दिवङ्गत पितृको नाममा श्राद्ध, पीण्डदान र तर्पण दिएर पूजाअर्चना गर्दा पितृ सधैँ खुसी भएर सन्तानको भलो हुने हिन्दू धार्मिक शास्त्रमा उल्लेख छ । यसस्थानको कागबेनी सङ्गमस्थलमा जलका लागि देवीदेवता लालायित हुने धार्मिक किंबदन्ती छ । कागबेनीस्थित कालिगण्डकी नदीको तटीय क्षेत्रमा कालो शालिग्राम र मुक्तिक्षेत्रबाट बग्ने गण्डकी नदीमा रातो शालिग्राम पाइन्छ । यसस्थानमा भगवान् विष्णुको अवतार शालिग्राम विराजमान रहेको धार्मिक जनविश्वास रहिआएको छ । साथै कागबेनीधाममा कुर्म अर्थात् कछुवा अवतारको शालिग्राम मन्दिरको दर्शन गर्न पाइन्छ । यसस्थान हिन्दू तथा बौद्ध धर्मालम्बीहरू धार्मिक साझास्थलका रूपमा लिने गरिएको छ । यहाँ कागछोदे गुम्बा, बाह्रौँ शताब्दीमा निर्माण गरिएको कागबेनी दरबारका साथै कागबेनी गाउँको पुरानो ऐतिहासिक बस्ती अवलोकन गर्न सकिन्छ ।

चैतेदसैँ औँसी तिथिमा मुस्ताङको कागबेनीधाम आएर दिवङ्गत पितृको नाममा श्राद्ध र पूजापाठ गर्न पाउँदा गौरान्वित महसुस भएको चितवनका सोम जिसीले उल्लेख गर्नुभयो । उहाँले प्रकृतिको सुन्दर स्थान मुस्ताङमा आएर पितृ सम्झदै श्राद्ध, पीण्डदान र तर्पण दिएर कालिगण्डकी नदीमा स्नान गर्दा पितृ खुसी भई पुण्य प्राप्ति हुने बताउनुभयो ।

हेटौँडाका ईश्वरीप्रसाद पोखरेलले कागबेनीमा पितृको पूजाअर्चना गरेर मुक्तिनाथको दर्शन गर्ने उद्देश्यले पहिलोपटक यहाँ आइपुगेको बताउनुभयो । उहाँले यहाँको स्थिति र घुम्ने धोको पूरा गर्न परिवारसहित मुस्ताङ आइपुगेको उल्लेख गर्नुभयो ।

यहाँस्थित कागबेनी मन्दिर तथा श्राद्धस्थल व्यवस्थापन समितिकी अध्यक्ष लक्ष्मी गुरुङले मुस्ताङको आर्थिक विकासमा कागबेनीधामको योगदान महत्त्वपूर्ण रहेको बताउनुभयो । उहाँले कागबेनीमा एकरात बाँस बसेर दिवङ्गत पितृ सम्झदै श्राद्ध गरेमा धार्मिक मोक्ष प्राप्ति हुने जनविश्वास रहिआएको जानकारी दिनुभयो ।

अध्यक्ष गुरुङले डेढ वर्षअघि कागखोला बाढीले कागबेनी मन्दिर, श्राद्ध स्थल र यहाँको भौतिक संरचनामा क्षति पुऱ्याएकाले यहाँ आएर श्राद्ध गर्ने धार्मिक तीर्थालु व्यवस्थापनमा चुनौती थपिएको बताउनुभयो । धार्मिक महत्त्वको यस स्थानलाई तीनै तहका सरकारले श्राद्धस्थलको पूर्वाधार निर्माणमा यथाशीघ्र पहल गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

“यहाँ दीर्घकालीन रूपमा स्थायी भौतिक संरचना आवश्यक छ, आरसिसी तटबन्ध निर्माणका लागि ठूलो बजेटको आवश्यकता पर्दछ । हामीले भक्तजनबाट सङ्कलित दान र स्थानीयस्तरको सहयोगमा पूर्वाधार निर्माण गरी अस्थायी व्यवस्थापन गरिरहेका छौँ”, अध्यक्ष गुरुङले भननुभयो । उहाँका अनुसार कागबेनीधाममा श्राद्ध गरेका तीर्थालुहरू यहाँ श्राद्ध गरी मुक्तिनाथ उकालो उक्लिएर मुक्तिनाथ दर्शन गरेका छन् । मुक्तिनाथ विकास समितिका कर्मचारी रविन सुवेदीले आज बिहानैदेखि श्रद्धालु भक्तजनको बाक्लो उपस्थित रहेको जानकारी दिनुभयो । उहाँका अनुसार आजसम्ममा करिब १२ हजार बढीले मुक्तिनाथ मन्दिरको दर्शन गरेका छन् । मुक्तिनाथमा दर्शनार्थीहरूको व्यवस्थापनका लागि मुक्तिनाथ विकास समिति, सुरक्षा निकाय र कार्यरत कर्मचारीले लाइनबद्ध गरी दर्शनमा सहजीकरण गरेका उहाँले बताउनुभयो । चैतेदसैँ कृष्ण औँसी तिथिमा कागबेनीमा श्राद्ध गरी मुक्तिनाथ दर्शन गर्न आउने तीर्थालुको उपस्थितिले मुस्ताङका होटल भरिभराउ भएका छन् ।

# कृषि तथा पशुपालनमा रमाएका सापकोटा

पोखरापत्र संवाददाता
बागलुङ, १७ चैत

जैमिनी नगरपालिका-२ बनहुँका ४८ बलिभद्र सापकोटा युरोपको भिसा त्यागेर कृषि कर्ममा रमाउँदै हुनुहुन्छ । कृषि तथा पशुपालनबाट स्वदेशमा मनग्य आम्दानी गर्नुका साथै उहाँ स्थानीय युवाबीच प्रेरणाको स्रोत पनि बन्नुभएको छ ।

बढ्दो निराशाका बीच सुरक्षित भविष्यको खोजीमा विदेश जाने युवालाई उहाँले स्वदेशमा नै स्वरोजगारका अवसर खोज्न आग्रह गर्नुभयो । दूध, सुन्तला र सागसाब्जी खेतीमा रमाउनुभएका सापकोटालाई पोर्चुगलको भिसाभन्दा कृषि कर्म प्यारो लागेको छ । उहाँले अहिले छ वटा गाईभैँसी पालेर दैनिक ३० लिटर दूध सहकारीमार्फत बजार पठाउँदै आउनुभएको छ । साथै अन्य किसानले उत्पादन गरेको दूध सापकोटाले बजारीकरण गरिरहनुभएको छ । “धेरै साथी विदेशमा छन्, उनीहरूको कमाइ, जीवनशैली देख्दा यहाँ नबसौँ जस्तो लाग्यो, विदेशमा जान्छु भनेर भिसाका लागि कोसिस गरेँ । पोर्चुगलको भिसा पनि लागि हाल्यो”, सापकोटाले भन्नुभयो, “भिसा लागेपछि भने भित्री मनले विदेश जान मनै लागेन, हुर्कँदै गरेको एक हहार सुन्तलाका बिरुवा देखेर विदेश मोह त्यागर कृषि कर्ममा लागेँ । अहिले विस्तारै विदेश जाने रहर हराउँदै गएको छ, म यहाँ कृषिमा रमाउँदै छु ।”विदेशको सेवा सुविधाले आकर्षित गरेर भिसाको कोसिस गरेपनि पोर्चुगलको भिसा आउँदा जानै मन नलागेको सापकोटाको भनाइ छ । उहाँले विसं २०६० मा दुबई गएर चार वर्ष छ महिना काम गरेको अनुभव सङ्गाल्नुभएको छ । बुबा बिरामी भएपछि दुबईबाट घर फर्केपछि विदेश नगएको उहाँले बताउनुभयो । पशुपालन गरेर दैनिक ३० लिटर दूध बिक्री गर्दै आउनुभएका सापकोटा गाउँमा अगुवा कृषक मिलेर बनाइएको पञ्चदेव दुग्ध उत्पादक सहकारी संस्थाको अध्यक्षसमेत हुनुहुन्छ । सहकारीमार्फत ३०० लिटर दूध बागलुङ बजार पठाउँदै आएको उहाँले जानकारी दिनुभयो ।

सापकोटाले दूध उत्पादन, सुन्तलासँगै छ वटा प्लाष्टिक टनेलमा बन्दागोपी, काउली, गोलभैँडालगायत सागसाब्जी उत्पादन गर्दै आएको जानकारी दिनुभयो । सागसाब्जीको मागअनुसार चार वटा टनेल थप्ने बताउँदै एक वर्षमा एउटा टनेलले रु एक लाखभन्दा बढी आम्दानी दिँदै आएको उहाँको भनाइ छ । “चालिस रोपनी जग्गामा एक हजार सुन्तलाका बोट लगाएको छु, ३०० बिरुवाबाट सुन्तला बिक्री गरिसकियो, अरु बिरुवाले फल दिँदैछन्”, सापकोटाले भन्नुभयो, “सुन्तलाखेती ‘पेन्सन’जस्तै रहेछ, एक पटक लगायो, वर्षौँसम्म आम्दानी गर्न सकिने ।” सुन्तला लगाउदा एक वर्ष नर्सरी गरेर राख्ने, अर्को वर्ष सार्ने गर्दा बोट ठूला हुने र राम्रो उत्पादन हुने सापकोटाले अनुभव छ । जैमिनी-२ बनहुँ उत्पादनका हिसाबले उर्वर हुनुका साथै माटो, हावापानी, सिँचाइसँगै तापक्रमसमेत उपयुक्त रहेकाले सागसाब्जी, फलफूल, पशुपालनसँगै खाद्यान्न उत्पादनमा प्रशस्त भइरहेको उहाँले बताउनुभयो । गाउँमा कृषिमा काम गर्नेको अभाव भएको भन्दै सापकोटाले स्थानीय तह तथा अन्य सरोकार भएका निकायले युवालाई स्वरोजगारमूलक तालिम प्रदान गरी अनुदान सहयोगमार्फत कृषिउपज उत्पादन र बजारीकरणमा सहकार्य र समन्वय गर्नुपर्नेमा जोड दिनुभयो ।

# मनाङका पालिकामा गोदामघर निर्माण गरिँदै

रासस
मनाङ, १७ चैत

जिल्लाका सबै पालिकामा गोदामघर निर्माण गरिने भएको छ । गृह मन्त्रालयको निर्णयानुसार विपद् व्यवस्थापनमा सहयोग पुर्‍याउने उद्देश्यले जिल्लाका चारवटै पालिकामा गोदामघर निर्माण गरिने भएको हो ।

प्रमुख जिल्ला अधिकारी मातृका आचार्यको अध्यक्षतामा बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले विपद्मा जिल्लावासीलाई सुरक्षित राख्न गोदामघर निर्माण गर्ने निर्णय भएको हो । चारवटै पालिकामा खुला क्षेत्र पहिचान गरी विपद्का बेला उपयोग गर्नेगरी आवश्यक सामग्री र सुरक्षित बसोबासका लागि गोदामघर निर्माण गर्ने निर्णय भएको प्रजिअ आचार्यले बताउनुभयो । उहाँले भन्नुभयो, “गृहमन्त्रालयबाट निर्देश भएअनुसार सुरक्षालाई मध्यनजर गरी गोदामघर निर्माण गर्न खुला क्षेत्र पहिचान गर्ने तयारीमा छौँ । विपद्मा आमनागरिकलाई आवश्यक सामग्री र बस्ने व्यवस्थाका लागि गोदामघर सहयोगी बन्ने विश्वास छ ।” विगतमा भएका विपद्मा खाद्यान्न अभाव भएजस्तो समस्या आउनबाट रोक्न गोदामघर सहयोगी बन्ने उहाँको भनाइ छ । गत वर्षको वर्षामा तिमाङको पुल नजिक थुप्रिएका अनावश्यक वस्तु हटाएर बाटोलाई सहज बनाउनुका साथै थप क्षति हुनबाट जोगाउन सम्बन्धित निकायलाई पत्रचार गरिएको प्रजिअ आचार्यले बताउनुभयो । “साँघुरो सडकमा सामग्री राख्दा यात्रुलाई समस्या हुने गरेको छ, यसको समाधानमा जुटेका छौँ”, उहाँले भन्नुभयो ।

इलाका प्रहरी कार्यालयलाई तिमाङमा रहेको पाँच रोपनी क्षेत्रफलमा तिमाङ पुलमा थुप्रिएका अनावश्यक वस्तु स्थान्तरण गर्ने तयारी गरिएको उहाँले बताउनुभयो । यसले स्थानीयका साथै प्रहरीलाई पनि सुरक्षित बनाउने उहाँको विश्वास छ ।

# नमूना भेटेरिनरी अस्पताल निर्माण कार्य सुस्त

पोखरापत्र संवाददाता
तनहुँ, १७ चैत

तनहुँको व्यास नगरपालिका-३ दमौलीमा निर्माणाधीन नमूना भेटेरिनरी अस्पताल भवन निर्माण कार्य सुस्त गतिमा भइरहेको छ ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सेवा पुशपन्छीपालक किसानलाई सहज रूपमा सेवा प्रवाह गर्न सुविधासम्पन्न भवन निर्माण गर्न लागेको हो । केन्द्रका सूचना अधिकारी पशु विकास अधिकृत डा रामनरेश यादवले एक वर्षअघि नै निर्माण सम्पन्न हुनुपर्ने उक्त भवन हालसम्म पनि अधुरै रहेको बताउनुभयो । पशुपन्छीको उपचारमा गुणस्तरीय सेवा प्रवाह गर्ने उद्देश्यले गत पुसमा सम्पन्न गर्नेगरी भएको निर्माण सम्झौता पूरा नभएपछि भदौसम्मको म्याद थप भएको थियो । निर्माण कम्पनीले ढिलासुस्ती गरेकाले सम्झौताअनुरुप काम सम्पन्न हुन नसकेको सूचना अधिकारी यादवले बताउनुभयो । काम सुरु नगरे ठेक्का तोड्ने चेतावनी दिएपछि केही निर्माणका कार्य भइरहेको उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, “हालको ठेकेदारले काम नगरे ठेक्का तोडेर भए पनि अस्पताल भवनको भौतिक संरचना निर्माण गर्ने लक्ष्य लिएका थियौँ, ढलानको काम भएको छ, अब अन्य संरचनाको काम बाँकी छ ।”

गण्डकी प्रदेश सरकारको मूल्य रु चार करोड ९० लाख ८३ हजारको लागतमा अस्पताल भवन निर्माण सम्पन्न गर्नेगरी सम्झौता भएको थियो । अस्पतालका आवश्यक भौतिक पूर्वाधार निर्माण गरी सञ्चालन गर्न रु १० करोड लाग्ने अनुमान छ ।

साढे दुई तलाको उक्त भवनको ढलानको काम सकिएको केन्द्रका लेखा अधिकृत पार्वती पौडेलले जानकारी दिनुभयो । अस्पताल भवनको ढलान कार्य सकिएको र अन्य काम बाँकी रहेको निर्माण कम्पनीका साइट इञ्चार्ज विमल खरेलले जानकारी दिनुभयो । उहाँका अनुसार असार मसान्तसम्ममा भवन निर्माणको काम सक्नुपर्ने सम्झौता छ । उहाँले भन्नुभयो, “बजेट अभावले नै काम अगाडि बढाउन नसकिएको हो, अस्पतालमा आवश्यक संरचना निर्माण हुन बाँकी छ ।”

करिब साढे एक रोपनीमा निर्माणाधीन उक्त अस्पताल भवनको सेवा प्रवाहमा आवश्यक भौतिक संरचना निर्माण गर्नुपर्ने अवस्था छ । एकैसाथ निर्माण थालनी गरिएको कास्कीको पोखरामा भने नमूना अस्पतालबाट सेवा प्रवाह भइसकेको छ ।


**Government of Nepal**
**Ministry of Energy, Water Resources and Irrigation**
**Department of Water Resources and Irrigation**
**Irrigation And Water Resources Management Project**
**Pokhara, Kaski**

## Invitation for Sealed Quotation

**(Only for E-Bids)**
Publication Date: 2025-03-31 A.D. (2081-12-18 B.S.)

Irrigation And Water Resources Management Project, Kaski invites electronic Sealed Quotation under e-procurement system from eligible bidders. For more information please visit www.bolpatra.gov.np/egp or Project Office.

| SN | Works Descriptions | Contract ID | Bid Doc. Fee (NRs) | Estimated Amount (Including Vat) NRs. | Bid Security Amount NRs. | Bid Validity Period/Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | Supply of Machine Made Gabion Boxes. | IWRMP-KASKI/ SUPPLY/SQ/WORKS/ 02- 081-82 | 1000.00 | 1931219.42 | 43,000.00 | 45 Days/75 days from last date of bid submission |

Last date and time of Bid Submission: 2082-01-02 B.S. (15 April 2025) 12:00 Noon at IWRMP
Bid Opening date and time: 2082-01-02 B.S. (15 April 2025) 13:00 Hours at IWRMP

**Project Chief**